# सातौं सिसेक्पा कप फुटसल प्रतियोगिता २०८३
## SEVENTH SISEKPA CUP FUTSAL TOURNAMENT 2083

# प्रायोजक प्रस्ताबना

# SPONSORSHIP PROPOSAL

SISEKPA CUP 2083
FUTSAL TOURNAMENT
स्थापना : २०७५

**आयोजक**

## याक्थुङ युवा मञ्च
### जिल्ला कार्य समिती काठमाडौं

**सह-आयोजक**

| लिम्बु विद्यार्थी मञ्च<br>जिल्ला कार्य समिती, काठमाडौं | याक्थुङ युवा मञ्च<br>जिल्ला कार्य समिती, ललितपुर | याक्थुङ युवा मञ्च<br>जिल्ला कार्य समिती, भक्तपुर |
|---|---|---|

# सातौं सिसेक्पा कप २०८३ प्रायोजक प्रस्तावना

## याक्थुङ युवा मञ्च  संस्थागत पृष्ठभूमी

याक्थुङ युवा मञ्च लिम्बू युवाहरुको बीचमा भावनात्मक एकता र पारस्पारिक सद्भाव, समन्वय, सहयोग तथा मैत्रीपूर्ण समझदारी कायम राख्दै न्याय, समानता, स्वाधिनता, पहिचान, अस्तित्वको सवालमा युवा क्षेत्रबाट वकालत गर्ने संङ्गठित एक सामाजिक संस्था हो । बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश नेपालमा युवाहरुको हक हित तथा अधिकारको संरक्षण र सम्वर्द्धन सँगसँगै समुदायमा संस्थागत समाजको जिम्मेवार पात्र युवाहरु भएको हैसियतले आफनो समुदायको भाषा, लिपि, साहित्य, धर्म, कला, संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासका निम्ति संस्थागत रुपमा सक्रियताका साथ सहभागिता जनाउँदै आइरहेका छौं। समाज र राष्ट्र विकासको निम्ती युवाहरुको सह भागिता महत्वपूर्ण हिस्सा हुने भएकोले युवाहरुमा अन्तरनिहित चेतना अभिवद्धि गर्दै, क्षमता अभिवृद्धि सम्बन्धि विविध कार्यक्रमहरु अगाडि बढाएर युवा सशक्तिकरण गर्ने हाम्रो लक्ष्य हो।

२०७१ साल जेठ ७ गते  तत्कालिन कियाचु केन्द्रीय सदस्य यामचन्द्र चेम्जोङको संयोजकत्वमा भएको भेलाले ११ सदस्यीय लिम्बू युवा सघंको तदर्थ समिति गठन सँगै याक्थुङ युवा मञ्च जन्म भएको हो। २०७३ भाद्र १३ गते ललितपुर जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता सँगै संस्थाको वैधानिक यात्रा शुरु भयो।

## याक्थुङ युवा मञ्च जिल्ला कार्यसमिती काठमाडौंको संस्थागत पृष्ठभूमी

याक्थुङ युवा मञ्चको विधान २०७३ परीच्छेद ०७ दफा १२ मा रहेको जिल्ला कार्यसमितिको गठन सम्बन्धी व्यवस्था अनुसार २०७४ चैत्र  २१ गते  ऋतुराज तेयुङ अध्यक्ष रहने गरी तदर्थ समितिको गठन भयो । यस समितिले २०७५ साउन ०५ गते याक्थुङ युवाहरुलाई एकताबद्ध गर्दै खेलकुद बिकासको उद्देश्यले सिसेक्पा कप पुरुष फुट्सल प्रतियोगिता शुरुवात गर्दै सफलताका साथ सम्पन्न गर्यो जुन अहिले सम्म पाँच संस्करण भब्य रुपमा सम्पन्न भईसकेको छ।

याक्थुङ युवा मन्च जिल्ला कार्यसमिती काठमाडौंको पहिलो ऐतिहासिक जिल्ला अधिवेशनले २०७५ श्रवन ११ गते ऋतुराज तेयुङको अध्यक्षतामा कार्यसमिती निर्वाचित गर्यो। दोस्रो अधिवेशनबाट संगिता सुहाङ्ले नेतृत्व समाल्नु भयो भने तेस्रो अधिबेशन र २०८२ जेष्ठ ०३ मा सम्पन्न चौथो अधिबेशनबाट असन योङ् हाङ नेतृत्वमा हुनुहुन्छ।

## प्रतियोगिता बारे

फुटबलको सानो रुप फुटसल अहिले देशभर लोकप्रिय  छ । फुटसल अहिले खेलाडीको मात्र होइन बच्चा, युवा, महिला अझ प्रौढहरुको पनि रोजाइ बनेको छ । धेरैले रमाइलो वा ब्यामको लागि खेल्ने फुटसल अहिले प्रोफेसनल भएको छ। नेपालको राष्ट्रिय टिम समेत रहेको यो खेलले अहिले सबैको ध्यान आफु तिर केन्द्रित गरिरहेको छ। फुट्सल अहिलेको समयमा एउटा खेल मात्रै नभएर युवाहरुलाई एकताबद्ध गर्दै सामाजिक सद्भाव र भाईचारा बढाउने एउटा माध्यम बनेको छ। खेल जस्तै सबैलाई एक ठाउँ बाध्ने अर्को सुत्र चाडपर्व हो। लिम्बु याक्थुङ किरात समुदाय साथै सम्पूर्ण नेपालीद्वारा श्रावण महिनामा मनाइने मौलिक चाड सिसेक्पा तङ्नाम साउने सक्रान्तीको शुभ अवसरमा खेलकुदको मार्फत युवा एकता र भाईचारा प्रगाढ बनाउने उद्देश्य सहित २०७५ साल देखी याक्थुङ युवा मन्च जिल्ला कार्यसमिती काठमन्डौले सिसेक्पा कप पुरुष फुटसल प्रतियोगिता गराउदै आइरहेको छ। यस प्रतियोगिताको एउटा सुन्दर पक्ष के हो भने यसबाट याक्थुङ युवाहरुले आफुमा भएको खेल कौशलतालाई प्रदर्शन गर्न त पाउछन नै साथै यसले अन्य समुदायको युवाहरुसँग खेलको माध्यमबाट थप सम्बन्ध राम्रो बनाउन समेत सहयोग गर्छ। लिम्बु युवाहरुको हक हित र क्षमता बिकासको निम्ती काम गर्ने संस्था भएता पनि गैर लिम्बु युवा साथीहरुलाई पनि समेट्दै, हातेमालो गर्दै एक अर्का बिच साथ सहयोग र हौसला आदन प्रधान गरे मात्रै सम्पूर्ण युवा वर्ग मजबुद हुन्छ भन्ने हाम्रो बुझाइ हो। त्यसैले नै यस प्रतियोगितामा एक टिममा हुने पर्ने ०७ जना खेलाडी मध्ये चार जना सम्म मात्र लिम्बु खेलाडी हुनु पर्ने नियम छ, अन्य तीन जना  गैर लिम्बु युवा खेलाडीहरु समाबेश गर्न सकिने छ। यस नियमले अन्य समुदायका युवा साथीहरुले लिम्बु समुदाय र संस्कृति थप नजिकबाट बुझ्न् पाउनेछन् भन्ने हाम्रो सोच हो।

# सिसेक्पा कपको यात्रा

खेलकुदमार्फत युवा एकता, पहिचान र सहकार्यलाई मजबुत बनाउने उद्देश्यसहित याक्थुङ युवा मञ्च, जिल्ला कार्यसमिति काठमाडौंले सिसेक्पा कपलाई हरेक वर्ष थप उत्साहका साथ अगाडि बढाउँदै आएको छ। यो प्रतियोगिता केवल खेल मात्र नभई युवाहरूको भेटघाट, प्रतिभा प्रदर्शन, अनुशासन, नेतृत्व र सामुदायिक सम्बन्ध सुदृढ गर्ने साझा मञ्चका रुपमा स्थापित हुँदै गएको छ।

## १ प्रथम सिसेक्पा कप २०७५

खेलकुद मार्फत युवा एकता भन्ने सङकल्प सहित याक्थुङ युवा मन्च काठमन्डौले लिम्बु समुदायको चाड सिसेक्पा तङ्नामको अवसरमा पहिलो पटक २०७५ साउन ५ / ६ गते तत्कालिन जिल्ला अध्यक्ष ऋतुराज तेयुङ लिम्बुको नेतृत्वमा प्रथम सिसेक्पा कप पुरुष फुटसल प्रतियोगिता २०७५ सफलताका साथ सम्पन्न भयो। २२ टिम सहभागी र रु ४० हजार प्रथम पुरस्कार राशी रहेको उक्त प्रतियोगिता ताप्लेजुङ काठमाडौं युवा समाजले जितेको थियो।



सिसेक्पा कप २०७५ विजेता-ताप्लेजुङ-काठमाडौं युवा समाज

## २ दोस्रो सिसेक्पा कप २०७६

याक्थुङ युवा मन्च जिल्ला कार्यसमिती काठमाडौंले याक्थुङ युवाहरुलाई खेलकुदको माध्यमबाट एकताबद्ध गर्ने उद्देश्य सहित २०७५ बाट सुरु गरेको सिसेक्पा कप पुरुष फुट्सल प्रतियोगितालाई निरन्तरता दिदै २०७६ श्रवन ११ र १२ गते ग्रासरूट फुट्सत मण्डिकटार, काठमाडौंमा दोस्रो संस्करण भब्य र सभ्य तरिकाले सम्पन्न गर्यौ। रु ५०,००० प्रथम पुरस्कार रहेको उक्त प्रतियोगिताको उपाधी याङ्तारु सेकुवा कर्नरले जितेको थियो भने ताप्लेजुङ पत्रकार समाजले उपबिजेता हुँदै रु २५००० सहित ट्रफी हात पार्यौ।


सिसेक्पा कप २०७६ विजेता-याङ्तारू सेकुवा कर्नर

# सिसेक्पा कप फुटसल प्रतियोगिताको संक्षिप्त यात्रा

## ३ तेस्रो सिसेक्पा कप २०७९

विश्व महामारी कोरोनाको प्रभाबको कारण २०७७ र २०७८ सालमा सिसेक्पा कप सम्पन्न हुन सकेन। दुई वर्ष पछि २०७९ साउन ०७ र ०८ गते शान्तीनगर फुट्सल शान्तिनगरमा तत्कालिन जिल्ला अध्यक्ष संगिता सुहाङ लिम्बुको नेतृत्वमा रु ५५ हजार प्रथम पुरस्कार सहित तेस्रो सिसेक्पा कप पुरुष फुटसल प्रतियोगिता २०७९ सफलतापुर्वक सम्पन्न भयो। उक्त प्रतियोगितामा अन्य ४४ टिमलाई पछि पारी बिजेता हुन सफल सेवेन वेज फुटसलले रु ५५ हजार सहित ट्रफी हात पार्दा उपविजेता याक्थुङ युथ एसोसिएसनले रु ३३ हजार प्राप्त गर्यौ। यो सिजन देखी फूटबल क्षेत्रमा आफ्नो र लिम्बु समुदाय सहित देशको शिर उच्च राख्ने एक याक्थुङ लिम्बु समुदायको खेलाडीलाई सम्मान गर्ने सुरुवात समेत गरियो। यस संस्करणमा महिला राष्ट्रिय फूटबल टिम कप्तान अन्जिला तुम्बापो लिम्बुलाई रु १० हजार नगत र सिलाम साक्मा प्रदान गरी सम्मानित गरियो।




सिसेक्पा कप पुरुष फुटसल प्रतियोगिता २०७९ बिजेता हुन सफल सेवेन वेज फुटसल



महिला राष्ट्रिय फुटबल टिम कप्तान अन्जिला तुम्बापो लिम्बु सम्मानित

## ४ चौथो सिसेक्पा कप २०८०

याक्थुङ युवा मन्च काठमाडौं जिल्ला कार्यसमितिको नयाँ नेतृत्व चयन सँगै बर्तमान अध्यक्ष असन योङ्हाङ लिम्बुको अगुवाइमा ४५ टिमको सहभागीतामा २०८० साउन २७ र २८ गते फुट्सल भिलेज ढोलाहिटी ललितपुरमा सयौं दर्शकको उपस्थिती बिच चौथो सिसेक्पा कप २०८० भब्यताका साथ समापन गरियो। तत्कालिन शहरी बिकास मन्त्री सिता गुरुङ र लोकप्रिय निर्देशक तथा कवि उपेन्द्र सुब्बा उपस्थित उक्त प्रतियोगिताको उपाधी मर्ज एफ सिले जित्यो भने ड्रीमर्स एफ सि दोस्रो भयो। विजेता टोलीले सिसेक्पा कप सहित रु ६० हजार प्राप्त गर्यौ भने उपबिजेता टोलिले रु ३० हजार प्राप्त गर्यौ। नेपाली फुट्बलमा पुर्याएको योगदान र आगामी दिनमा थप सफलताको शुभकामना सहित यस सिजन नेपाली राष्ट्रिय फूटबल खेलाडी सरु लिम्बुलाई रु ११,१११( सम्मान पत्र र लिम्बुहरुको मौलिक पहिचान सिलाम साक्माले सम्मान गरियो।




चौथो सिसेक्पा कप २०८० बिजेता मर्ज एफ सि



नेपाली राष्ट्रिय फुटबल खेलाडी सरु लिम्बुलाई निर्देशक तथा कवि उपेन्द्र सुब्बा ज्यु मार्फत सम्मान पत्र हस्तान्तरण

# सिसेक्पा कप फुटसल प्रतियोगिताको संक्षिप्त यात्रा

## ५ पाँचौ सिसेक्पा कप २०८१

असन योङ्हाङ लिम्बुको अगुवाइमा ४५ टिमको सहभागीतामा २०८१ साउन २६ र २७ गते फुट्सल भिलेज ढोलाहिटी ललितपुरमा सयौं दर्शकको उपस्थिती बिच पाँचौ सिसेक्पा कप २०८१ भव्यताका साथ सम्पन्न भयो। उद्घाटन समारोहमा एन्फा महासचिव किरण राई र समापन समारोहमा मिस नेपाल २००२ तथा मिडिया पर्सानालिटी माल्भिका सुब्बा प्रमुख अतिथी रहनु भएको उक्त प्रतियोगिताको उपाधी बुढानिलकण्ठ फुट्बल एकेडेमिले जित्यो भने कोयु एफ सि दोस्रो भयो। विजेता टोलीले सिसेक्पा कप सहित रु ७० हजार प्राप्त गर्यौ भने उपबिजेता टोलिले रु ३५ हजार प्राप्त गर्यौ। नेपाली फुट्बलमा पुर्याएको योगदान र आगामी दिनमा थप सफलताको शुभकामना सहित यस सिजन राष्ट्रिय फूटबल टिम कप्तान किरण कुमार लिम्बुलाई रु पन्द्र हजार, सम्मान पत्र र लिम्बुहरुको मौलिक पहिचान सिलाम साक्माले सम्मान गरियो। द भोइस किड्स नेपाल सिजन ०३ का प्रतिस्पर्धी बाल प्रतिभा आलब मन्याङ्बो लिम्बू लाई गायन क्षेत्रमा अघि बढ्न हौसला मिलोस भन्दै नगद १० हजार सहित कदर पत्र प्रदान गरियो।




सिसेक्पा कप पुरुष फुटसल प्रतियोगिता २०८१ बिजेता हुन सफल बुढानिलकण्ठ फुट्बल एकेडेमि



समापन समारोह प्रमुख अतिथी माल्भिका सुब्बा ज्युलाई मायाको चिनो सिलाम साक्मा प्रदान



राष्ट्रिय फूटबल टिम कप्तान किरण कुमार लिम्बुलाई रु पन्द्र हजार, सम्मान पत्र र लिम्बुहरुको मौलिक पहिचान सिलाम साक्माले सम्मान



आलब मन्याङ्बो लिम्बूलाई गायन क्षेत्रमा अघि बढ्न हौसला मिलोस भन्दै नगद १० हजार सहित कदर पत्र प्रदान

# सिसेक्पा कप फुटसल प्रतियोगिताको संक्षिप्त यात्रा

## ६ छैटौं सिसेक्पा कप २०८२

छैटौं सिसेक्पा कप २०८२ साउन ९ र १० गते भव्य रूपमा सम्पन्न भएको थियो। यस संस्करणको विशेषता भनेको पहिलो पटक पुरुष र महिला दुवै विधामा प्रतियोगिता आयोजना हुनु थियो। पुरुषतर्फ आङ्बोहाङ एफसी विजेता बन्दै रु. ८०,००० नगद पुरस्कार जित्न सफल भयो भने महिलातर्फ संकटा क्लबले उपाधि जित्दै रु. २५,००० नगद पुरस्कार हात पार्यो साथै, नेपाली राष्ट्रिय यू-२० महिला टोलीकी प्रतिभाशाली खेलाडी पूर्णिमा राईलाई प्रतियोगिताका क्रममा विशेष सम्मान प्रदान गरिएको थियो, जसले प्रतियोगिताको गरिमा अझ बढाएको थियो।




सिसेक्पा कप २०८२ विजेता(पुरुष)- आङ्बुहाङ एफ सी




सिसेक्पा कप २०८२ विजेता(महिला)- सङकटा फुटबल क्लब




सिसेक्पा कप २०८२ उपविजेता(पुरुष)- वि आर ब्रदर्स एफ सि




सिसेक्पा कप २०८२ उपविजेता(महिला)- कृजल एफ सि



राष्ट्रिय यू-२० महिला खेलाडी पूर्णिमा राईलाई रु १५०००- सहित सम्मानित



प्रमुख अतिथी तत्कालिन ए आइ जि चन्द्र कुबेर खापुङ ज्युलाई मायाको चिनो प्रदान

# 6th Sisekpa Cup 2082 Opening / Closing



















# आउदो सिसेक्पा कप फुटसल २०८३ प्रतियोगिता बारे

## ७ सातौ सिसेक्पा कप २०८३

यही श्रावण २९ र ३० गते भव्य रुपमा सातौ सिसेक्पा कप २०८३ आयोजना हुँदैछ। विगतका संस्करणहरूको सफल यात्रालाई निरन्तरता दिँदै यस वर्ष पनि पुरुष र महिला दुवै विधामा रोमाञ्चक प्रतिस्पर्धा हुनेछ।

**पुरुष तर्फ प्रथम हुने टोलीले रु. १,००,०००/- नगद साथै ट्रफी र प्रमाणपत्र तथा द्वितीय हुने टोलीले रु. ५०,००० नगद साथै ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन्।**

**महिला तर्फ प्रथम हुने टोलीलाई रु. ५०,०००/- नगद साथै ट्रफी र प्रमाणपत्र तथा द्वितीय हुने टोलीलाई रु. २५,०००/- नगद साथै ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ।**

**सिसेक्पा कपलाई यहासम्म सफलतापूर्वक पुर्याउन विगतका सबै संस्करणहरूमा साथ, सहयोग र विश्वास प्रदान गर्नु हुने सम्पूर्ण प्रायोजकहरू, शुभेच्छुकहरू, खेलप्रेमी, समाजसेवी तथा सहयोगी हातहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं। यस वर्षको सातौं संस्करणलाई अझ भव्य, व्यवस्थित र ऐतिहासिक बनाउन यहाँहरूको अमूल्य साथ, सहयोग र समर्थनको हार्दिक अपेक्षा गर्दछौं। आउनुहोस, खेलकुद, युवा एकता र हाम्रो समुदायको गौरवलाई अझ उचाईमा पुर्‍याउन सबै मिलेर सातौं सिसेक्पा कप २०८३ लाई सफल बनाऔं।**



# GALLERY



सिसेक्पा कप २०७९ प्रथम पुरस्कार प्रायोजक सैलेन्द्र नाल्बो ज्यु




SISKEPA CUP 2079:CLOSING



SISKEPA CUP 2076- Chief Guest Basanta Nembang



SISEKPA CUP २०७५ - संयुक्त राष्ट्र एसिया आदिवासी मामला स्थायी समिति, उपाध्यक्ष फुलमान चौधरीलाई याक्थुङ युवा मञ्चको तर्फबाट सिलाम साक्मा मायाको चिनो प्रदान



SISKEPA CUP 2082- Chief Guest Byakul Maila



SISEKPA CUP 2081 Chief Guest
Poet & Film Director Upendra Subba

# GALLERY



उद्‌घाटन कार्यक्रम प्रमुख अतिथी शहरी बिकास मन्त्री माननीय सिता गुरुङ ज्यु



चौथों सिसेक्पा कप २०८० सम्मान कार्यक्रम



पाचौं सिसेक्पा कप २०८१ उद्घाटन

# GALLERY



















# Sisekpa Cup 2082 Sponsors



Sisekpa Cup 2082 Main Sponsor - LBI Education



Sisekpa Cup 2082 Main Sponsor - Mid Valley Hostel



Sisekpa Cup 2082 Girl 1st Prize Sponsor
Dr. Sabin Ninglekhu



Sisekpa Cup 2082 Mens Second Prize Sponsor
Tokma Technologies



Sisekpa Cup 2082 Girl 2nd Prize Sponsor
Yakthung Yuwa Manch Kamal Gau Palika




Abroad Study Partner
Shrey Group of Abroad Studies

# Sisekpa Cup 2082 Sponsors



Sisekpa Cup 2082 Jersey Partner
ANEE - Nepal's Clothing Brand



Sisekpa Cup 2082 Sponsor
City Research Center



Sisekpa Cup 2082 Drinking Partner
A&B Beverage Pvt. Ltd.



Sisekpa Cup 2082 Education Partner
PCPS College



Sisekpa Cup 2082 Education Partner
Techspire College




Sisekpa Cup 2082 Sponsor
किरात याक्थुङ चुम्लुङ हङकङका अध्यक्ष श्री शमशेर तुम्बाहाङफे



Sisekpa Cup 2082 Sponsor
Palden Lama

# Sisekpa Cup 2082 Sponsors



















# सिसेक्पा कप – २०८३

# अनुमानित बजेट

## Estimated budget of 7th SISEKPA CUP 2083

| Particular | Quantity | No. of days | Rate (Rs) | Total (Rs) |
|---|---|---|---|---|
| **Venue management** | | | | |
| • Futsal | 2 | 2 | 25000 | 1,00,000 |
| • Tent | 1 | 2 | 15000 | 30,000 |
| **Prizes (Cash)** | | | | |
| • Winner Men | 1 | - | 100000 | 1,00,000 |
| • Runner Up Men | 1 | - | 50000 | 50,000 |
| • Winner Women | 1 | - | 50000 | 50,000 |
| • Runner Up women | 1 | - | 25000 | 25,000 |
| • Best Player | 2 | - | 5000 | 10,000 |
| **Trophies and medals** | | | | |
| • Trophies and medals | 2 | | 50000 | 1,00,000 |
| **Manpower** | | | | |
| • Referees | 6 | 2 | 7000 | 84,000 |
| • Volunteers | 10 | 2 | 1000 | 20,000 |
| **Technical** | | | | |
| • Sound system | 2 | 2 | 15,000 | 60,000 |
| • Scoreboard | 2 | 2 | 500 | 2,000 |
| **Administration and print** | | | | |
| • Proposal ready and print | | | | 20,000 |
| • Certificates and letters | | | | 15,000 |
| • online entry management | | | | 15,000 |
| • Stationeries | | | | 15,000 |
| **Felicitations** | | | | |
| • One Limbu footballer | 1 | | 20,000 | 20,000 |
| • Token of love | 40 | | 1000 | 40,000 |
| • Silam Saakma | 5 | | 4000 | 20,000 |
| **Food and Beverages** | | | | |
| • Drinking water | 2 | 2 | 5,000 | 20,000 |
| • Meals | | 2 | 30,000 | 60,000 |
| **Sporting kits** | | | | |
| • Organizer T shirt | 30 | | 800 | 24,000 |
| • Organizer Futsal team jersey | 10 | | 1500 | 15,000 |
| **Others** | | | | |
| • Media (Live and ad) | | | | 50,000 |
| • Opening/Closing ceremony | | | | 30,000 |
| • Transportation | | | | 30,000 |
| • Medical Kits | | | | 20,000 |
| • Miscellaneous | | | | 50,000 |
| **Total estimated expenses** | | | | **10,75,000** |

# सिसेक्पा कप – २०८३

# प्रायोजन विवरणहरु

सिसेक्पा कप–२०८३ याक्थुङ युवा मञ्च, जिल्ला कार्यसमिति काठमाडौंद्वारा आयोजित पुरुष तथा महिला फुटसल प्रतियोगिता हो। खेलमार्फत युवा एकता, पहिचान, सहकार्य र नेतृत्व विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको यस प्रतियोगिताले समुदाय, खेलाडी र ब्रान्डहरुलाई एउटै साझा मञ्चमा जोड्ने अवसर प्रदान गर्दछ। त्यसैले हामी विभिन्न प्रायोजन साझेदारीमार्फत संस्थागत सहकार्यका लागि तपाईंलाई हार्दिक आमन्त्रण गर्दछौं।



## १. Title Sponsor — रू. १,८३,000/-

- प्रतियोगिताको आधिकारिक नाम "[प्रायोजकको नाम] सिसेक्पा कप–२०८३" राखिनेछ।
- उद्घाटन तथा समापन समारोहमा प्रायोजन संस्थाका प्रमुखलाई विशेष अतिथिका रुपमा सम्मान गरिनेछ।
- कम्पनीको लोगो प्रमुख र केन्द्रीय स्थानमा ठूलो आकारमा समावेश गरिनेछ।
- टोलीको जर्सीमा लोगो समावेश गरिनेछ।
- कार्यक्रम अवधिभर उत्पादन, सेवा वा कम्पनीको प्रचार–प्रसारको विशेष अवसर प्रदान गरिनेछ।
- १ स्टल (पहिलो प्राथमिकता) उपलब्ध गराइनेछ।
- कार्यक्रमको समयमा प्रायोजकको जिंगल वा ब्रान्ड सन्देश बारम्बार प्रसारण गरिनेछ।
- आवश्यकताअनुसार स्थलमा अधिकतम ४ वटा ब्यानर राख्न सकिनेछ।
- सबै ब्यानर, पोस्टर, पर्चा, कार्यक्रम पृष्ठभूमि, निमन्त्रणा कार्ड, सहभागी ब्याज, स्वयंसेवक टिसर्ट, प्रमाणपत्र, फेसबुक पृष्ठ, वेबसाइट लगायतका सबै प्रचार सामग्रीमा हाइलाइट गरिएको ब्रान्डिङ गरिनेछ।
- फेसबुक, युट्युब तथा वेब साझेदारका माध्यमहरुमा लोगो र लिङ्क समावेश गरिनेछ।
- विज्ञापन मापदण्डभित्र रहेर थप ब्रान्ड एक्सपोजरका अवसरहरू उपलब्ध गराइनेछ।
- उत्पादन वा सेवाको प्रवर्द्धनका लागि स्थलभित्र विशेष डिस्प्ले स्पेस उपलब्ध गराइनेछ।

## २. Powered by — रू. ९९,000/-



- प्रतियोगितामा आधिकारिक सह–प्रायोजकको मान्यता प्रदान गरिनेछ।
- टोलीको जर्सीमा लोगो समावेश गरिनेछ।
- १ स्टल (दोस्रो प्राथमिकता) उपलब्ध गराइनेछ।
- पोस्टर, पर्चा, कार्यक्रम पृष्ठभूमि, निमन्त्रणा कार्ड, सहभागी ब्याज, स्वयंसेवक टिसर्ट, प्रमाणपत्र, फेसबुक पृष्ठ र वेबसाइट जस्ता प्रचार सामग्रीमा हाइलाइट गरिएको ब्रान्डिङ गरिनेछ।
- आवश्यकताअनुसार स्थलमा अधिकतम ३ वटा ब्यानर राख्न सकिनेछ।
- फेसबुक, युट्युब तथा वेब साझेदारका माध्यमहरुमा लोगो र लिङ्क समावेश गरिनेछ।
- विज्ञापन मापदण्डभित्र रहेर थप ब्रान्ड एक्सपोजरका अवसरहरू उपलब्ध गराइनेछ।
- सेवा वा उत्पादनको प्रवर्द्धनका लागि स्थलभित्र विशेष डिस्प्ले स्पेस उपलब्ध गराइनेछ।

# सिसेक्पा कप – २०८३

# प्रायोजन विवरणहरु

पृष्ठ २

## ३. Co-Sponsor

रु. ४१,००० /-

- व्यावसायिक तथा सामाजिक ब्राडिङको अवसर प्राप्त हुनेछ।
- लोगो सहित सामाजिक सञ्जाल्मा प्रचार-प्रसार गरिनेछ।
- १ स्टल उपलब्ध गराईनेछ।
- प्रतियोगितामा सह-प्रायोजकको रुपमा मान्यता प्रदान गरिनेछ।
- आधिकारिक लोगो कार्यक्रमको पृष्ठभूमि, पर्चा तथा अन्य प्रचार सामग्रीमा हाइलाइट गरिनेछ।
- आवश्यकताअनुसार स्थलमा अधिकतम २ वटा ब्यानर राख्न सकिनेछ।
- उत्पादन वा सेवाको प्रवर्द्धनका लागि स्थलभित्र विशेष स्थान उपलब्ध गराइनेछ।

## ४. Associate Sponsor

रु. २५,०००/-

- लोगो सहित सामाजिक सञ्जालमा प्रचार-प्रसार गरिनेछ।
- प्रायोजकले अधिकतम ३ × १.५ फिटको १ ब्यानर राख्न सक्नेछन्।
- प्रायोजकको उत्पादन वा सेवाहरू कार्यक्रम अवधिभर हाइलाइट गरिनेछन्।
- आधिकारिक लोगो कार्यक्रमको पृष्ठभूमि, पर्चा तथा अन्य प्रचार सामग्रीमा समावेश गरिनेछ।

## ५. Support Partner

रु. १०,०००/-

- लोगो सहित सामाजिक सञ्जालमा प्रचार-प्रसार गरिनेछ।
- प्रायोजकले अधिकतम ३ × १.५ फिटको १ ब्यानर राख्न सक्नेछन्।
- आधिकारिक लोगो कार्यक्रमको पृष्ठभूमि, पर्चा तथा अन्य प्रचार सामग्रीमा समावेश गरिनेछ।

## नियम र सर्तहरु

- स्पेस, ब्यानर तथा सजावटको व्यवस्थापन सम्बन्धित प्रायोजकको जिम्मेवारी हुनेछ।
- ब्यानर वा फ्लेक्स फ्रेम वा स्टयान्डमा राख्न सकिनेछ।
- प्रायोजकले आफनो स्टल सञ्चालनका लागि आफनै प्रतिनिधि वा टोलीको व्यवस्था गर्नुपर्नेछ।
- प्राकृतिक प्रकोप, राजनैतिक अस्थिरता, दंगा वा आयोजकको नियन्त्रण बाहिरका अवस्थाहरुमा कार्यक्रम स्थगित वा सार्न सकिनेछ; नयाँ मिति र स्थानबारे समयमै जानकारी दिइनेछ।
- कार्यक्रमको समयमा प्रायोजकले आफ्ना सामग्रीको सुरक्षाको जिम्मेवारी स्वयं लिनुपर्नेछ; स्वयंसेवकहरुले आवश्यक सहजीकरण गर्नेछन।
- प्रायोजकहरुद्धारा प्रदान गरिने पुरस्कार वा अन्य सामग्री कार्यक्रमभन्दा कत्तिमा ४ दिन अगाडि उपलब्ध गराउनुपर्नेछ।
- यी नियम तथा सर्तहरु आयोजक र प्रायोजकबीच स्पष्टता, समन्वय र पारस्परिक लाभ सुनिश्चित गर्न तयार गरिएको हो।

## सम्पर्क र निष्कर्ष

हामी अन्य उपयुक्त प्रायोजन साझेदारी तथा सुझावहरुका लागि पनि खुला छौ। सूचीबद्ध शीर्षकहरु बाहेक अन्य भागहरुमा पनि प्रायोजन गर्न सकिन्छे। प्रायोजनबारे हाम्रो प्रस्तावलाई विचार गरिदिनुभएकोमा हार्दिक धन्यवाद। कुनै प्रश्न, सुझाव वा सहकार्यका लागि हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ। हामी तपाईंलाई हाम्रो आधिकारिक साझेदारका रुपमा स्वागत गर्न उत्सुक छौ।

# सिसेक्पा कप - २०८३

# प्रचार प्रभाव र पहुँच

सिसेक्पा कप केवल खेलकुद प्रतियोगिता मात्र नभई युवाहरु, समुदाय, दर्शक, अतिथि तथा ब्रान्डहरुलाई एउटै साझा मञ्चमा जोड्ने प्रभावशाली कार्यक्रम हो। पुरुष तथा महिला दुबै सहभागिता, प्रत्यक्ष खेल अनुभव, सामुदायिक उत्साह, सामाजिक सञ्जाल प्रचार तथा विशेष व्यक्तित्यहरुको सहकार्यले यस प्रतियोगितालाई प्रायोजनका दृष्टिले पनि आकर्षक बनाएको छ।

| | | |
|---|---|---|
| **७०**<br>टोलीहरु | **५००+**<br>खेलाडी तथा पदाधिकारी | **१000+**<br>दैनिक दर्शक |
| **२ दिन**<br>प्रतियोगिता अवधि | **LIVE**<br>लाईभ कभरेज | **SPECIAL**<br>सेलिब्रेटी तथा विशिष्ट व्यक्तित्यद्वारा प्रचार |

## हाम्रा मुख्य उद्देश्यहरु

### युवा एकता र पहिचान

खेलकुदमार्फत युवाहरुलाई जोडदै सामुदायिक एकता, सहकार्य र लिम्बु पहिचानलाई सुदृढ बनाउने।

### प्रतिभा प्रदर्शन

पुरुष तथा महिला खेलाडीहरुलाई आफ्नो क्षमता, अनुशासन, नेतृत्व र खेलकौशल प्रदर्शन गर्ने सशक्त अवसर प्रदान गर्ने।

### ब्रान्ड दृश्यता

प्रायोजक तथा साझेदारहरुलाई मैदान, दर्शक, सामाजिक सञ्जाल, लाईभ कभरेज र कार्यक्रम सामग्रीमार्फत प्रभावकारी प्रचारको अवसर उपलब्ध गराउने।

### समुदायिक सहभागिता

दर्शक, स्वयंसेवक, अतिथि तथा विभिन्न संघसंस्थाको सहभागितामार्फत प्रतियोगितालाई साझा उत्सवका रुपमा स्थापित गर्ने।

सिसेक्पा कप
२०८३

# PLAYGROUND LOCATION MAP




**SCAN HERE**

# EVENT VENUE LAYOUT



# TEAM YAKTHUNG YUWA MANCH, KATHMANDU

## PRESIDENTS



**RHITU RAJ TEYUNG LIMBU**
**FIRST PRESIDENT 2076-2078**



**SANGITA SUHANG LIMBU**
**2078-2080**



**ASAN YONGHANG LIMBU**
**2080-Present**



**TEAM YYF KTM 2076**



**TEAM YYF KTM 2078**



**TEAM YYF KTM 2080**




**TEAM YYF KTM 2082**

# याक्थुङ युवा मञ्च

## जिल्ला कार्य समिति, काठमाडौं


अध्यक्ष : असन योङहाङ लिम्बू (9814002865)

उपाध्यक्ष : समित बेघा लिम्बू (9810033773)

सचिब : विजय खुदाङ लिम्बू (9813704056)

yakthungyouthktm@gmail.com

yakthungyuwa.manchkathnamdu

www.sisekpacup.com


SCAN TO
VISIT WEBSITE